# नागरिक प्रतिरोधको त्रिशक्ति : एकता, योजना, अनुशासन

## The Trifecta of Civil Resistance: Unity, Planning, Discipline

**Hardy Merriman**

OpenDemocracy.net, November 19, 2010
Translation: Suman Parajuli
Editor: Yogita Rai
Published October 2019

openDemocracy
free thinking for the world

*openDemocracy* मा प्रकाशित (http://www.opendemocracy.net)

## नागरिक प्रतिरोधको त्रिशक्ति : एकता, योजना, अनुशासन

**हार्डि मरीमन, १९ नोभेम्बर २०१०**

विश्व/संसारभरिका अहिंसात्मक आन्दोलनहरुको सफलता र असफलता बीच तीन विशेषताहरुले फरक पार्न सक्छन् : एकता, योजना, र अहिंसात्मक अनुशासन ।

### लेखकका बारेमा

हार्डि मरीमन अहिंसात्मक द्वन्द्वका लागि अन्तर्राष्ट्रिय केन्द्र( ICNC_) को अध्यक्ष हुन ।उनका काम कसरी विश्वभरका भूईतह -तल्लो तह)का नागरिक आन्दोलनले अधिकार ,स्वतन्त्रता र न्यायको लागि सफलतापूर्वक लड्न सक्छ सम्बन्धमा केन्द्रित छ । उनले व्यापकरुपमा विद्वान, नागरिक समाजका सदस्यहरुलाई भाषण दिन्छन ।

उनी सन् २००५ देखि सन् २००७ सम्म (ICNC) को कार्यक्रम तथा अनुसन्धान निर्देशक हुनुहुन्थ्यो । यसभन्दा पहिला, श्री मरीमन एर्ल्बट आइस्टाइन इर्सटिच्यूसन -Albert Einstein Institution) मा कार्यरत हुनुहुन्थ्यो र उहाँले जिन शार्पको पुस्तक "Waging Nonviolent Struggle: 20th Century Practice and 21st Century Potential"सम्मादन गर्नुभएको थियो ।हालसालै , श्री मरीमनले राजनीतिक संघर्षको प्रविधीको रुपमा अहिंसात्मक कार्यको गतिशिलता र आतंकवाद कम गर्न अहिंसात्मक कार्यको भूमिका सम्बन्धि अध्यायहरु प्रकाशन गर्नुभएकोछ । उनले र "A guide to Effective Nonviolent Struggle" को सह-लेखन पनि गर्नुभएको छ जुन कार्यकर्ताहरुको तालिम पाठयक्रम हो ।। **अहिंसात्मक नागरिक प्रतिरोधलाई के ले प्रभावकारी बनाउँछ** ?यदि हामी राजनीतिमा "शक्ति कहिल्यै पनि दिइँदैन, यो सधै लिइन्छ" भन्ने भनाईाई स्वीकाछौं, भने या निष्कर्ष अनिवार्य हुन्छ कि ऐतिहासिक अहिंसात्मक आन्दोलनहरु सफल थिए किनकि, कुनै किसिमले, तीनीहरुले त्यो शक्ति हासील गरे जुन उनीहरुको विरोधीहरुको भन्दा बृहत्तर थियो ।यो निष्कर्ष, व्यापक रुपमा रहेको धारणा "शक्ति अन्ततः भौतिक स्रोतहरुको नियन्त्रण र हिँसाको लागि क्षमताबाट उत्पन्न हुन्छ" सँग बाझिन्छ, र यसका बारेमा सवालहरु खडा गर्दछ । यदि यो धारणा पूर्णरुपमा सही थियो

भने, अहिँसात्मक आन्दोलहरु स्रोत र हतियार सम्पन्न विरोधीहरु विरुद्ध, असफल हुने थिए । यद्यपि, इतिहासले के देखाउँछ भने, धेरै सफल अहिंसात्मक संघर्षहरुको समयरेखा, एक दशक भन्दा धेरै पछाडि सम्म हेर्दा, सँगै मुख्य पात्रहरु र कारणहरु मानवता जत्तिकै विविध छन् । केहि उदाहरणहरुलाई सुचिकृत गर्दा :

- सन् १९३० र १९४० को दशकमा, भारतियहरुले ब्यापक असहयोग आन्दोलन ( आर्थिक बहिष्कार, विद्यालय बहिष्कार, हड्तालहरु, कर अस्विकार, नागरिक अवज्ञा, राजिनामाहरु) मा संलग्न भएर उनीहरुको स्वतन्त्रता जिते, जसले बेलायतिहरुलाई भारतमा शासन गर्न नसक्ने अवस्था सिर्जना गरेर, अन्ततः, छोडेर जान बाध्य बनाएको थियो ।
- सन् १९५० र १९६० को दौरान, संयुक्त राज्य अमेरिकाको नागरिक अधिकार आन्दोलनले, अहिंसात्मक अभियानहरु मार्फत; जस्तैः मोन्ट्गोमेरिको बस हिष्कार र नाष्भिलको खाना-काउन्टरमा धर्नाहरु जसले संस्थागत विभाजन प्रणालीमा भएको कमजोरिहरु प्रकाशमा ल्यायो र राष्ट्रब्यापी रुपमा समर्थकहरु आकर्षित गर्‍यो, समान अधिकारहरु हासिल गर्‍यो ।
- सन् १९६५ देखि १९७० सम्म, एकीकृत कृषि कामदार संगठन (United Farm Workers union ) एउटा सानो , बास्तविकरुपमै आर्थिक सहयोग नभएका स्थानीय संस्थादेखि ), को उनीहरुकाहड्ताल  र बहिष्कारहरुको सफलतम प्रयोग मार्फत म्म क्यालिफोर्निया अंगुर बगैँचा ब्यवसायहरु विरुद्ध राष्ट्रिय स्तरमा उपस्थिति देखाउने संस्थाको रुपमा   बिकसित भएको थियो ।
- सन् १९८६ फिलिपिन्समा, संयुक्त राज्य अमेरिका समर्थित फर्डिनान्ड मार्कोसको अधिनायकवादको विरुद्ध प्रदर्शनका लागि लाखौं जनताहरुलाइ जुलुसमा सहभागी गराउन कार्यकर्ताहरु सरकार विरुद्ध सेना छोडेका सैनिकहरुसँग मिलेका थिए । अहिंसात्मक विद्रोह  उर्ग भईरहेको अवस्थामाउसका विकल्पहरु तीब्ररुपमा कम हुदै जाँदा, मार्कोस देश छोडि भागेका थिए ।
- सन् १९८८ मा, चिलिका जनताहरुले अगष्टो पिनोचेको क्रुर अधिनायकवाद द्वारा सिर्जना गरिएको त्रास लाई जित्दै उ विरुद्ध अभियानर प्रदर्शन गरे । यी कार्यहरुले पिनोचेको समर्थनलाई यति सम्म कमजोर बनायो कि त्यस उप्रान्त संकटको उच्चतम समयमा पनि उनका सहकर्मी जुन्टा सैनिक सदस्यहरु उनी प्रति वफादार भएनन्, र उनी शक्तिबाट बलपूर्वक निकालिए ।
- सन् १९८० देखि १९८९ बिचमा, पोलिस जनताले ऐक्यबद्धता आन्दोलनको रुपमा एक स्वतन्त्र  संघ संगठित गरे र सोभियत शासनबाट आफ्नो देश फिर्ता लिए ।

- सन् १९८९ मा, विरोध प्रदर्शन तथा हड्तालहरुले, जुन भेलभेट क्रान्ति (Velvet Revolution) को रुपमा परिचित भयो, चेकोस्लोभाकियामा साम्यवादबाट शान्तिपूर्ण रुपान्तरण गर्यो । समान प्रकृतिका कृयाकलापहरुले सन् १९९१ मा पूर्वी जर्मनी, लात्भिया, लिथुवानिया, र इस्टोनियामा शान्तिपूर्ण रुपान्तरण गरेको थियो ।
- सन् १९८० कादशकमा शुरु भएको हड्तालहरु, बहिष्कारहरु, नागरिक अवज्ञा र बाह्य प्रतिबंधहरुले सन् १९९० को दशकमा दक्षिण अफ्रिकाको रंगभेद आन्दोलनको अन्त्यका लागि महत्वपूर्ण भूमिका खेलेको थियो ।
- त्यस पछिको दशकमा, सर्बियन नागरिकहरु (२०००), जर्जियाका नागरिकहरु (२००३), र यूक्रेनका नागरिकहरु (२००४) ले छलपूर्ण निर्वाचनका नतिजाहरु रोक्न वा सो को विरोध गर्न नागरिकहरु परिचालन गरेर निरंकुश शासनको अन्त्य गरेका थिए ।
- सन् २००५ मा, लेबनानी नागरिकहरुले बिशाल अहिंसात्मक प्रदर्शनहरु मार्फत उनीहरुको देशमाथि रहेको सिरियन सेनाको कब्जा अन्त्य गरे ।
- सन् २००६ मा, नेपाली जनताहरु बृहत अवज्ञामा सहभागि भए र नागरिक शासनको पुनर्स्थापनाका लागि बाध्य बनाए ।
- सन् २००७ देखि २००९ को बिचमा, हिंसात्मक विद्रोहका बीच र सैनिक शासकको सामुन्ने, पाकिस्तानी वकिलहरु, नागरिक समाजका समूहहरु र आम नागरिकहरुले स्वतन्त्र न्यायपालिकाको पुनर्स्थापना र संकटकालिन अवस्था सम्बन्धि कानुन रद्द गर्नका लागि सफलतापूर्वक दवाब दिए ।

## यदि जनताले आज्ञा पालन गरेनन् भने, शासकहरुले शासन गर्न सक्दैनन्

नागरिक प्रतिरोधका यी र अन्य आन्दोलनहरु सफल भए किनकि तीनीहरु शक्तिको बारेमा रहेको आधारभूत अन्तर्दृष्टिमा आधारित थिए : त्यो भनेको समाजमा भएका संस्था, संहरु र प्रणालीहरु ठूलो संख्यामा रहेका आम मानिसहरुको सहमति, सहकार्य र आज्ञाकारितामा निर्भर हुन्छन् । त्यसकारण, यदि मानिसहरुले संगठित र रणनीतिक तरिकाले आफ्नो सहमति र सहयोग फिर्ता लिन चाहे भने, उनीहरुले निरकूश शक्ति नियन्त्रण गर्न सक्छन् । जब मानिसहरुले आज्ञापालन गर्दैनन्, तब राष्ट्रपति, नगर प्रमूखहरु, कार्यकारी अधिकृतहरु, जनरलहरु र अन्य “शक्ति धारकहरु”, त्यस उप्रान्त अनियन्त्रित शक्तिका साथ शासन गर्न सक्दैनन् ।

अहिंसात्मक युक्तिहरु, जस्तै हड्तालहरु, बहिष्कारहरु, बृहत प्रदर्शनहरु, नागरिक अबज्ञा, समानान्तर संस्थाहरुको स्थापना, र वास्तबमै सयौं अन्य रचनात्मक कार्यहरु, नै यसो गर्न

प्रयोग गरिने साधानहरु थिए । ती साधनहरु नैतिक कारणहरुका लागि नभई ब्यबहारिक कारणहरुका लागि प्रयोग गरिन्थ्यो । केहिले, जसले नागरिक प्रतिरोध अंगिकार गरेका थिए,यस्ता समान रणनितिहरु अन्य देशहरुमा अथवा उनीहरुको आफ्नै इतिहासमा काम गरेको देखेका थिए, र उपलब्ध विकल्पहरु मध्ये, यस प्रकारको प्रतिरोधहरुमा सफलताको उत्तम सम्भावना हुन्छ भनी पहिचान गरेका थिए ।

**सीप र अवस्थाहरु** यी प्रेरणदायी अहिंसात्मक आन्दोलनको सफलताहरुकै बीच, यद्यपी, इतिहास र समकालीन विश्वले असफल अथवा अनिर्णित आन्दोलनहरुको पनि उदाहरण प्रस्तुत गर्दछन् । विश्वले सोही बर्ष पोल्याण्ड र चेकोस्लोभाकियाको अहिंसात्मक आन्दोलन देख्यो जुन बर्ष तियानमेन स्क्वाएरको नरसंहार देखे । गत दशकमा, बर्मा, जिम्बाब्वे, इजिप्ट, र इरान मा ठूलो संख्यामा मानिसहरुले अहिंसात्मक युक्तिहरुको प्रयोग गरेका थिए, तर ती आन्दोलनहरुको लक्ष्य अहिलेसम्म प्राप्त भएको छैन ।हुन सकेका थिएनन् । पूर्वी टिमोरको सफल आत्म-निर्णयको संघर्षमा, नागरिक प्रतिरोध अपरिहार्य थियो, जसले शासकहरु /विरोधीहरु विरुद्ध नागरिकमा आधारित आन्दोलनहरुलाई अगाडि बढ्न सघाइरहेको थियो, तर अन्यत्र (अन्य देशहरुमा )–प्यालेष्टाइन, पश्चिम पपुवा, पश्चिम साहारा र तिब्बतमा भने त्यी संघर्षहरु अनिर्णित(सफल हुन सकेन) नै रहे । यी र अन्य घटनाहरु बीचेको भिन्नताहरुको कारण के हुन सक्छ ?यी र अन्य आन्दोलनहरु सफल वा असफल बनाउन भूमिका खेल्ने कारकतत्वहरु त्यस्ता बिषय हुन् जसमा तर्कशील र शु-सूचित मानिसहरु असहमत हुन सक्छन् । [१]प्रत्येक अवस्था एकदमै जटिल हुन्छन् र प्रत्यक्ष कारण स्थापित गर्न हदैसम्म कठिन हुन्छ । मैले प्राय: विद्वानहरु, पत्रकारहरु र अन्यहरु बाट सुन्ने तर्कहरु के हो भने, यी र अन्य मुख्यत: अहिंसात्मक आन्दोलनहरुको दिसा/तथा परिणामहरु धेरै हदसम्म प्रत्येक आन्दोलन सञ्चालन भइरहेको ठाउको संरचना, अवस्थाहरु र असाधारण परिस्थितिहरुले निर्धारण गरेका थिए । उदाहरणका लागि, अहिंसात्मक आन्दोलनहरु ती समाजहरुमा मात्र प्रभावकारी हुन्छन् जसमा उत्पीडकले घातक बल प्रयोग गर्न अनिच्छुक हुन्छ भन्ने तर्क गरि आइएको छ । निश्चित आर्थिक मापदण्ड (जस्तै : आर्थिक विचारधारा, आय स्तर, धनको बितरण, मध्यम वर्गको उपस्थिति) र शैक्षिको स्तर, सफल आन्दोलनहरुका लागि महत्वपूर्ण हुन्छन् भनेर अन्यले दावी गर्न सक्छन् । अझै पनि अरुको दाबी के छ भने, शक्ति केन्द्रहरु र क्षेत्रीय आधिपत्यको भूमिकाले आन्दोलनको परिणाम निर्धारण गर्नमा अन्य तत्वहरुको महत्वलाई प्रतिस्थापन गर्दछ पार्दछ । एउटा व्यक्तिले उल्लेख गर्न सक्ने अन्य अतिरिक्त/थप संरचनाहरु र अवस्थाहरु - जस्तै: जातिय विविधता, राजनीतिक र सांस्कृतिक इतिहास, जनसंख्याको आकार, क्षेत्रफल - कैयौं छन्, र निश्चित हुनका लागि, यी मध्येका धेरै अवस्थाहरुले एउटा आन्दोलनको क्रम/दिशा/गतिलाई प्रभाव पार्न सक्छन् ।

संरचनागत र अवस्थागत कारकहरुको प्रति-तर्कको रुपमा द्वन्द्व उठान गर्न सक्ने आन्दोलनको सीपहरुमा आधारित कारकहरुलाई लिन सकिन्छ, जस्तो : प्राज्ञहरुले भन्ने गरे जस्तो "कृयाकलाप"। सिप र कृयाकलाप भन्नाले ती तत्वहरुलाई बुझिन्छ जस माथी आन्दोलनको केहि नियन्त्रण हुन्छ; आन्दोलनले कस्तो कार्य रणनिति छनौट गर्छ; मानिसहरुलाई परिचालन गर्न र उनीहरुलाई सहभागी/संग्लन गराइराख्नका लागि कुन् भाषाको प्रयोग गर्छ; यसले कसरी गठबन्धन निर्माण गर्छ; यसले आफ्ना विरोधीहरुलाई कहाँ र कसरी लक्षित गर्छ; र नागरिक प्रतिरोधमा संलग्नता सम्बन्धि असंख्य अन्य निर्णयहरु समावेश हुन्छ। मेरो नजर/विचारमा, यी सीपमा आधारित कारकहरु, अहिंसात्मक आन्दोलनको सम्पर्कमा आएका र यसको विश्लेषण गर्नेहरुबाट धेरै कम मात्र जोड पाएका अथवा नजरअन्दाज गरिएका छन्। यो यस्तो किन छ भन्ने कुरा यस लेखको परिधी भन्दा बाहिर छ, तर एउटा कारण के हुन सक्छ भने मानिसहरुलाई अहिंसात्मक कार्यको आधार - त्यो के भने सामूहिक व्यवहारमा परिवर्तन मार्फत, बलियो र दमनकारी विरोधीहरुबाट नागरिक आन्दोलनमा शक्ति स्थानान्तरण गर्न सकिन्छ भन्ने बिषयमा सन्देह छ अथवा थाहा नै छैन। बरु, यो घटना घटेको अवस्थामा यसलाई सम्भव बनाउनका लागि त्यहाँ बाऱ्य कारकहरु रहेका हुनसक्छन् अथवा असाधारण परिस्थितिहरुले हुन सक्छन्, भनी उनीहरु अनुमान गर्छनयद्यपी, अहिंसात्मक आन्दालनको दिशा र परिणाम निर्धारणमा कृयाकलाप र सीपहरुको महत्वलाई गौँण नदेखाइकन नै संरचनाहरु र अवस्थाहरुको भूमिकालाई सम्मान गर्न सक्छौं। वास्तवमा, संस्था र सीपहरुले फरक पार्छन, र केहि घटनाहरुमा प्रतिकूल परिस्थितिहरुमाथि काबु पाउन, बिकल्प पहिल्याउन वा रुपान्तरन गर्न आन्दोलनहरुलाई सक्षम बनाएका छन्।

अन्य शास्त्रहरु, जस्तैः ब्यवसाय अथवा शैन्य बिचार, मा सीप र कृयाकलाप हरुको महत्व, र कहिलेकाहिँ प्रधानतालाई सामान्य ज्ञानको रुपमा लिइन्छ। यस सन्दर्भमा अहिंसात्मक संघर्ष भने किन फरक होस ? सेना प्रमुख अथवा ब्यवसायीक प्रमुख कार्यकारी अधिकृतलाई, उनीहरुको प्रयासहरुको परिणामका लागि रणनीतिको महत्व सिमित मात्र थियो भन्यो भने हाँस्छन्। यदि मानिसहरुले प्रतिस्पर्धा र विवादास्पद अन्तरक्रियाको परिणाम सधैँ भौतिक अवस्थाहरुले पूर्बवनिर्धारित गरेको हुन्छ भन्ने सोचेका थिए भने, सन् त्जु को उत्कृष्ट पुस्तक "युद्धको कला"(The Art of War)यती धेरै प्रख्यात हुन्नथ्यो।

त्यसभयो, यस लेखको सुरुवाती प्रनमा फर्किनको लागि - अहिंसात्मक आन्दोलनलाई के ले प्रभावकारी बनाँउछ ? - हामी, ऐतिहासिक आन्दोलनहरुबाट निष्कर्ष निकालिएका रणनितिक छनौटहरु र उत्कृटम अभ्यासहरुलाई हेरेर जवाफ पत्ता लगाउन सुरु गर्न सक्छौं। एउटा आन्दोलनको परिणामलाई प्रभाव पार्ने कृयाकलाप मा आधारित बिविध तत्वहरु र सीपहरु हुन्छन्, तर (सरलताकै लागि भए पनि) यदि हामीले त्यी मध्ये केहि महत्वपूर्ण छान्यौं भने,

सफल अहिंसात्मक आन्दोलनहरुको तीन बिशेषताहरु देखा पर्छन् : एकता, योजना र अहिंसात्मक अनुशासन ।

## एकता, योजना र अनुशासन

पहिलो झलकमा, त्यस्ता बिशेषताहरुको महत्व स्वतः स्पष्ट देखिन सक्छ । तर पनि, कहिलेकाँहि, जब कसैले आन्दोलनहरुलाई मूख्य रुपमा रणनीतिक र सुक्ष्म तहमा हेर्छ, यी बिशेषताहरुको गहिराई र ´ बृहत निहित अर्थ कहिलेकाहि छुटिरहेको हुन्छ । प्रत्येक बिशेषताहरु बर्णन गरिएका छन् ।

*एकता* महत्वपूर्ण छ, किनकि, अहिंसात्मक आन्दोलनहरुले समाजको विविध क्षेत्रका मानिसहरुको सहभागिताबाट आफ्नो शक्ति बनाइरहेका/प्राप्त गरिरहेका हुन्छन् । सामान्य अर्थमा भन्नुपर्दा : संख्या महत्वपूर्ण हुन्छ । एउटा आन्दोलनलाई जति धेरै मानिसहरुले समर्थन गरिरहेका हुन्छन्, त्यतिनै धेरै आफ्कनो वैधता, शक्ति र युक्ति प्रदर्शन गर्दछ । त्यसकारण, सफल आन्दोलनहरु निरन्तर आफ्नो समाजका नयाँ समूहहरु, उदाहरणका लागि पुरुष र महिला; युवा, बयष्क र बृद्धहरु; शहरी र ग्रामीण जनताहरु; अल्पसंख्यकहरु; धार्मिक संस्थाहरुका सदस्यहरु; किसानहरु, श्रमीकहरु, ब्यवसायीक मानिसहरु, र पेशावालहरु; सम्पन्न, मध्यम बर्गीय, र न्यून आय स्तर भएकाहरु; प्रहरी, सेना र न्यायापालिका सँगसँगै अन्य समूहहरु; समक्ष पुगिरहेका हुन्छन ।

एकिकृत दृष्टिकोण निर्माण को लागि निरन्तरनागरिक प्रतिरोधको बलियो पक्ष भनेको विरोधीबीच बिभिन्न तहहरुमा वफादारी परिवर्तन र पक्षत्याग सिर्जना गर्नु हो भन्ने बुझेर सफल आन्दोलनहरु निरन्तर रुपमा तीनीहरुको विरोधीको समर्थकहरुकहाँ पनि पुगिरहेका हुन्छन् । उदाहरणका लागि दक्षिण अफ्रिकाको रंगभेद विरुद्धको आन्दोलनका दौरान नागरिक अवरोध जारिभईरहेको बेला आह्वान गरिएको  राष्ट्रिय मेलमिलापले I ब्यापक रुपमा समर्थन र परिवर्तनका लागि एकता सिर्जना गरे, `, जसमध्ये केहि गोरा समर्थकरु समेत थिए जसले पहिला रंगभेदि राज्यलाई समर्थन गरेका थिए,

अहिंसात्मक आन्दोलनका सहभागीहरुले उनीहरुको आन्दोलनले लिनुपर्ने दिशाका बारेमा जटिल निर्णयहरु पनि लिनुपर्ने हुन्छ । यसो गर्नका लागि *रणनीतिक योजना* सबैभन्दा महत्व हुन्छ । कसैको उचीत कारण अथवा विरोधीहरुको नैतिकरुपमा अमान्य कार्यहरुका बावजुद पनि स्वतःस्फूर्त र प्रतिरोधको बिना तैयारी कृयाकलाप मात्रले उत्पीडन वा दमन  विरुद्द सफलता प्राप्त गर्न सकिँदैन यधपी ती कृयाकलापहरु राम्रोसँग सम्पादन गरिए पनि ।बरु, आन्दोलनले तब लोकप्रियता/स्वीकारीक्तो प्राप्त गर्छ जब उनीहरुले नागरिक प्रतिरोधलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर योजना बनाउछ र समाजमा मानिसहरुले ती योजनाहरु लक्षित र केन्द्रित उद्देश्यहरु हासील गर्न अपनाउछन । कुन युक्तिहरु प्रयोग गर्ने र

तीनीहरुलाइ कसरी क्रमबद्ध गर्ने भनि निर्णय गर्नका लागि; आन्दोलनले प्रतिनिधित्व गर्ने लक्ष्य लिएका मानिसहरुको आकाँक्षाहरु र गुनासाहरुमा आधारित भएर उत्प्रेरक प्रस्तावनाहरुको बिकास गर्ने; युक्तिहरुबाट कुन ब्यक्तिहरु र समूहहरुलाई लक्षित गर्ने र अल्पकालिन, मध्यकालिन र दिर्घकालिन कुन लक्ष्य पछ्याउने भन्ने योजना बनाउने; गठबन्धन तय गर्न र बिकास गर्नका लागि सञ्चारका संयन्त्रहरु स्थापना गर्ने, यी अहिंसात्मक आन्दोलनहरुले रचनात्मक तरिकाले रणनितिकरण गर्नुपर्ने केहि बिषयहरु हुन् । यसो गर्नका लागि, अहिंसात्मक संघर्ष हुने स्थानको अवस्थाको समग्र बिश्लेषण आवश्यकता हुन्छ । तीनीहरुको योजना प्रक्रियाको अंशको रुपमा, प्रभावकारी आन्दोलनले, औपचारिक वा अनौपचारिक रुपमा सुचनाहरु संकलन गर्छ, तल्लो तहका (भूईस्तर) मानिसहरुको कुरासुन्छ, र द्वन्द्वका दौरान आफैँलाई, आफ्ना बिरोधीहरुलाई, र प्रतिबद्ध नभएका तेस्रो पक्षहरुलाई निरन्तर रुपमा विश्लेषण गर्छ ।

अन्त्यमा, एउटा रणनीति तब मात्र प्रभावकारी हुन्छ जब यसको सम्पादन अनुशासनका साथ गरिन्छ । अहिंसात्मक आन्दोलनमा अनुशासन असफलताको सबैभन्दा ठूलो जोखिम के हुन्छ भने, केहि सदस्यहरु हिंसात्मक बन्न सक्छन् । त्यसकारण, अहिंसात्मक अनुशासन -, उत्तेजनाको सामुन्ने पनि अहिंसात्मक रहिरहन सक्ने मानिसहरुको क्षमता - प्राय सहभागिहरुमा निरन्तर रुपमा बिकास गराइरहेको हुन्छ । यसका पछाडि व्यवहारिक कारणहरु छन् ।आन्दोलनका सदस्यहरुबाट भएका हिंसात्मक घटनाहरुले यसको वैधता नाटकिय रुपमा कम हुन सक्छ, जबकि आन्दोलनका विराधीहरुलाई दमन प्रयोग गर्न बहाना मिल्नसक्छ । यसका साथै, निरन्तर रुपमा अहिंसात्मक रहिरहेको एउटा आन्दोलनले यसको संघर्षका दौरान, बृहत दायराका सम्भावित सहयोगीहरु - विरोधीका समर्थकहरु समेत पनि - लाई आकर्षित गर्ने सम्भावना उच्च हुन्छ ।

यी बिशेषताहरुको पूर्ण खोजले पुस्तकहरु भरिन सक्छन्, र अहिंसात्मक आन्दोलनको बिषयहरु अध्ययनका लागि योग्य छ र निरन्तर व्यवस्थित अध्ययन भैरहेको छ । हरेक/प्रत्येक उद्गम आन्दोलनले यस परिदृश्यको सामुहिक बुझाईमा ज्ञान–ो –थप्छ, तर अझै पनि नक्सांकन र बिकास गर्न बाँकि रहेको राजनितिक र सामाजिक कार्यको यो स्वरुपको कला र बिज्ञानका बारेमा बुझ्न धरै बाँकि छ ।

तर यी तीन बिशेषताहरु - एकता, योजना, र अनुशासन - काल निरपेक्ष/अन्नत हुन्छन्, र त्यसै अनुरुप एउटा साधारण ढाँचा उपलब्ध गराउँछ जसको माध्यमबाट आन्दोलनका सदस्यहरु र समर्थकहरु, साथसाथै उनीहरु जसले त्यसको अध्ययन र सम्प्रेषण गर्छन, ले आन्दोलनको अवस्थाको शीघ्र मुल्यांकन गर्न सक्छन् । के यो एकताबद्ध छ ? के यस सँग एउटा योजना छ ? के यो अनुशासित छ ? अहिंसात्मक आन्दोलनमा यी सिद्धान्तहरु

आत्मसात गर्नेहरुको कृयाकलापले अझ बढि शान्त र निष्पक्ष विश्व तर्फको बाटो प्रज्वजित गरिसकेको छ । त्यसलाई निरन्तरता दिनेहरुले भबिष्यलाई आकार दिनेछन् ।

---

[१]यस लेखको उद्देश्यका लागि, म "सफल" आन्दोलनहरु भनि तिनलाई परिभाषित गरिरहेको छु जसले उल्लेखित उद्देश्यहरु हासील गरे, र "असफल" आन्दोलन भनि तिनलाई जसले तिनिहरुको उल्लेखित उद्देश्यहरु हासील गरेनन् । यो परिभाषामा पनि अस्थाई तत्व रहेको छ । एउटा सफल आन्दोलनले त्यसका उल्लेखित उद्देश्यहरु हासील गर्न सक्छ (जस्तैः सन् २००४ मा युक्रेनमा भएको अरेन्ज आन्दोलन "Orange Movement") तर आन्दोलनका उपलब्धीहरुका पछिल्ला बर्षहरुमा चुनौतीहरुले पुनरावर्तन सिर्जना गर्न सक्छ ( युक्रेन घटना बारेको थप जानकारीका लागि ओपेनडेमोक्रेसी मा ओलेना त्रेगुब र ओक्साना शुल्यर को सन् २०१० नोभेम्बर १७ को लेख "जनताको शक्तिको बिजय पछिको संघर्ष (The struggle after people power wins)"हेर्नुहोस) । यसको बिपरित, एउटा आन्दोलनले, जसले त्यसका उल्लेखित उद्देश्यहरु हासील गर्न असफल हुन्छ (जस्तै : सन् १९८९ को चीनको प्रजातान्त्रिक आन्दोलन), त्यसपछिका बर्षहरुमा अतिरिक्त प्रभावहरु सिर्जना गर्न सक्छ जसले रचनात्मक ढंगले आन्दोलनको कारणलाई अघि बढाउँदै लैजान्छ - चीनको घटनाका बारेमा थप जानकारीका लागि ओपेनडेमोक्रेसी मा लेष्टर कर्ट्जे को सन् २०१० नोभेम्बर १७ को लेख "चीनमा दमनको विरोधाभाष (Repression's Paradox in China)" हेर्नुहोस) । एउटा बिशेष आन्दोलनलाई "सफल" वा "असफल" को बर्गीकरणलाई परिवर्तन नगरिकनै, यी भावी प्रभावहरु शक्तिशाली हुन सक्छन्, र त्यसकारण तीनीहरुका आफ्नै सन्दर्भमा उल्लेखनीय छन् ।